बैठक संख्या १५
समय: बिहान ९:०० बजे
मिति: २०८३/०२/०५ गते
आ.व.२०८२/०८३

आज मिति २०८३ साल जेष्ठ महिनाको ०५ गते मंगलबारका दिन यस दुईखार गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्रीसम्सेर रानामगर | प्रमुख प्रशासकीय अधिकृत (सचिव) |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

<u>सहयोगी कर्मचारीहरु:</u>

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री बिष्णु प्रसाद शर्मा, लेखा अधिकृत
श्री ~~टिकाराम पोखरेल~~, कार्यालय सहयोगी

दुईश्वर गाउँ कार्यपालिकाको
मिति २०८३/३/५ को
१४ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

प्रस्तावहरु:-

१. अघिल्लो कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. सरकारी सवारी साधन संचालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।

३. मुख्यमन्त्री रोजगार कार्यक्रमहरु सिफारिस सम्बन्धमा ।

४. बालकोष संचालन कार्यविधि, २०८३ सम्बन्धमा ।

५. स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति संचालन कार्यविधि, २०८३ सम्बन्धमा ।

६. अनुमति सम्बन्धमा ।

७. योजना माग सम्बन्धमा ।

डुङ्गेश्वर गाउँ कार्यपालिकाको
मिति २०८३।०१।१४ को
...१५... औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०१/११ गते बसेका गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । सबै निर्णयहरु कार्यान्वयन भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकामा बढ्दो सवारी साधन, महँगो इन्धन र मर्मत खर्चलाई मितव्ययी, नियमित र कानून सम्मत ढंगले परिचालन गर्न सरकारी सवारी साधनको उचित, पारदर्शी तथा प्रभावकारी प्रयोग सुनिश्चित गर्नको लागि डुङ्गेश्वर गाउँपालिकाको सरकारी सवारी साधन संचालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धि विस्तृत छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०८३/०८४ मा यस डुङ्गेश्वर गाउँपालिकामा कार्यान्वयन हुने वडाहरुबाट सिफारिस भइ आएका तपसिल बमोजिमका योजनाहरु छनोट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | समजि मन्दिर पर्यटकीयस्थल जाने बाकी सिँढी तथा विश्राम स्थल निर्माण | डुङ्गेश्वर १ दैलेख | १५ लाख | |
| २. | कुइँयाताल पर्यटकीय क्षेत्रमा पर्यटन विश्राम स्थल निर्माण | डुङ्गेश्वर २ दैलेख | १५ लाख | |
| ३. | आरुखेत सिँचाई कुलो निर्माण | डुङ्गेश्वर ३ दैलेख | १५ लाख | |
| ४. | कुइनौटा लोगेना देखि नारायणस्थान पर्यटकीय क्षेत्र सम्म पक्की सिँढी निर्माण | डुङ्गेश्वर ४ दैलेख | १५ लाख | |
| ५. | ठूलोसैना पोखरीपाटा बास्कोटी भित्रीखोलामा सिँचाई पोखरी निर्माण | डुङ्गेश्वर ५ दैलेख | १५ लाख | |
| ६. | डुङ्गेश्वर बजार टुनिगैरा खोल्सा तटबन्धन निर्माण | डुङ्गेश्वर ६ दैलेख | १५ लाख | |



CamScanner